फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

गण्डकी प्रदेश, नेपाल

प.सं. ०७९।८०

च.नं.

## प्रेस विज्ञप्ति

**आदरणीय नगरवासी महानुभावहरू,**

नगर कार्यपालिकाको बैठकका विधिसम्मत निर्णयप्रति नगर कार्यपालिकाका केही जिम्मेवार पदाधिकारीहरूबाट विज्ञप्तिबाजी भएकोमा यस नगर कार्यपालिकाको ध्यानाकर्षण भएको छ । विधिसम्मत भएका निर्णय र सहमतिप्रति जिम्मेवार पदाधिकारीहरूबाट यसरी टीकाटिप्पणीहरू आउनु दुःखद् कुरा हो । यस किसिमका गैर कानूनी क्रियाकलापको कारणले जनताको विश्वास र भरोसाको संस्थागत निकाय नगरपालिकाको मानमर्दन हुनु कानूनी शासन भएको देशमा प्रचलित कानूनको उल्लङ्घन हो ।

जहाँसम्म नगर कार्यपालिकाको निर्णय गैर कानूनी छ भनी टीकाटिप्पणी गरिएको छ, यो सरासर गलत हो । जनताबाट निर्वाचित नगर प्रमुखले नगर कार्यपालिकाले पारित गरेको विधि र विधानको परिधिभित्र रही नगर कार्यपालिकाबाट भएका निर्णयहरू प्रमाणित गरेर सार्वजनिक गरी कार्यान्वयन गर्नु कानूनसम्मत कार्य हो । नगर कार्यपालिकाबाट भएका जुनसुकै निर्णयहरू विधिसम्मत छन् । प्रचलित सार्वजनिक खरिद कानूनको अक्षरशः पालना गरी सो को प्रक्रिया अनुसार खर्च गरी नगर कार्यपालिकाबाट स्वीकृत, समर्थन गर्नु/ गराउनु नगर प्रमुख र अधिकार प्राप्त अधिकारीको कानूनी कर्तव्य र दायित्व नै हो । यसर्थः नगर कार्यपालिकाका केही पदाधिकारीहरूबाट सम्मानित कार्यपालिकाका विधिसम्मत निर्णयप्रति टीकाटिप्पणी गरी विज्ञप्ति जारी गर्नु सरासर गलत छ । यस्ता गैर कानूनी विज्ञप्तिको घोर भत्सर्ना गर्दै खण्डन गरेको छु । नगर कार्यपालिकाका निर्णय र खर्चका बील भरपाई समेतका कागजातहरू कानून अनुसार जोसुकै महानुभावहरूले कार्यालय समयभित्र सक्कलै हेर्न समेत सक्नुहुने बेहोरा सम्पूर्ण नगरवासीप्रति सादर र नम्र निवेदन गर्दै जानकारी गराएको छु । धन्यवाद ।

२०७९ साल कार्तिक २८ गते रोज २ शुभम् ।

(गंगाधर तिवारी)
नगर प्रमुख

email:phalewashnagarpalika@gmail.com website:www.phalewasmun.gov.np